# भाग २

श्री ५ को सरकार

**कानून तथा न्याय मन्त्रालय**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. २७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणवाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## पर्यटन ऐन, २०३५ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना : पर्यटन ऐन, २०३५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "पर्यटन (दोस्रो संशोधन) ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. पर्यटन ऐन, २०३५ को प्रस्तावनामा संशोधन : पर्यटन ऐन, २०३५ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "नेपाल अधिराज्यमा आउने" भन्ने शब्दहरु पछि "पर्यटकहरु तथा नेपाल अधिराज्यको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली" भन्ने शब्दहरु राखिएकाछन् ।

३. पर्यटन ऐन, २०३५ को दफा २ मा संशोधन : पर्यटन ऐन, २०३५ को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ :-

"(क) "पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपाल अधिराज्यमा आउने गैर नेपाली नागरिक सम्झनु पर्छ ।"

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएकोछ :-

"(क१) "नेपाली पर्यटक" भन्नाले नेपाल अधिराज्यको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक सम्झनु पर्छ ।"

(३) खण्ड (ढ) झिकिएकोछ ।

४. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा (२) मा रहेको "विभागमा" भन्ने शब्दको सट्टा "श्री ५ को सरकार समक्ष" भन्ने शब्दहरु राखिएकाछन् ।

९८६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनमा दफा ३क. थप : मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएकोछ :-

"३क. ट्राभेल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण : (१) ट्राभेल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण भएका ट्राभेल वा ट्रेकिङ्ग एजेन्सीलाई श्री ५ को सरकारले तोके बमोजिमको सुविधा दिन सक्नेछ ।"

६. मूल ऐनमा दफा ७क. थप : मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएकोछ :-

"७क. इजाजत पत्र खारेज गर्न सक्ने : दफा ७ बमोजिम निलम्बन भएको ट्राभेल वा ट्रेकिङ्ग एजेन्सीले निलम्बनको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा त्यस्तो ट्राभेल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र श्री ५ को सरकारले तोकिए बमोजिम खारेज गर्न सक्नेछ ।"

७. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को,-

(१) उपदफा (१) मा रहेका "दश हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बीस हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (२) मा रहेका "दश हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बीस हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(३) उपदफा (३) मा रहेका "बीस हजार रुपैयाँ" र "चालीस हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा क्रमशः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"चालीस हजार रुपैयाँ" र "असी हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(४) उपदफा (५) मा रहेका "श्री ५ को सरकार" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालत" भन्ने शब्दहरु राखिएकाछन् ।

८. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को,-

(१) उपदफा (१) मा रहेका "एक हजार रुपैयाँ", "एक हजार रुपैयाँदिखि तीन हजार रुपैयाँसम्म" र "तीन हजार रुपैयाँदिखि पाँच हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा क्रमशः "दश हजार रुपैयाँ", "दश हजार रुपैयाँदिखि तीस हजार रुपैयाँसम्म" र "तीस हजार रुपैयाँदिखि पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (३) मा रहेका "एक हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(३) उपदफा (४) मा रहेका "श्री ५ को सरकार" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालत" भन्ने शब्दहरु राखिएकाछन् ।

९. मूल ऐनमा दफा ३०क. थप : मूल ऐनको दफा ३० पछि देहायको दफा ३०क. थपिएकोछ :-

"३०क. फोहोर मैला व्यवस्थापनको लागि रकम धरौटी लिन सक्ने : (१) श्री ५ को सरकारले तोके बमोजिमका हिमालचूली आरोहण गर्न जाने पर्वतारोही दलबाट फोहोर मैला व्यवस्थापनको लागि तोकिए बमोजिमको रकम धरौटी लिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सम्बन्धित पर्वतारोही दलले आफ्नो आरोहण सम्बन्धी कार्य पूरा गरेपछि आफ्नो साथमा लगेका तोकिए बमोजिमका वस्तुहरु आफ्नो साथ फिर्ता ल्याई श्री ५ को सरकारले तोकेको ठाँउमा पुऱ्याएपछि उपदफा (१) बमोजिम राखेको धरौटी रकम सम्बन्धित पर्वतारोही दललाई तोकिए बमोजिम फिर्ता दिइनेछ ।

(३) उपदफा (२) बमोजिम तोकेका वस्तुहरु सम्बन्धित पर्वतारोही दलले तोकेको स्थानमा नपुऱ्याएमा त्यस्तो पर्वतारोही दलले उपदफा (१) बमोजिम राखेको धरौटी रकम सदर स्याहा गरी त्यस्ता वस्तुहरु सम्बन्धित स्थानमा पुऱ्याउने व्यवस्था मिलाइने छ ।"

१०. <u>मूल ऐनको दफा ३८ मा संशोधन</u> : मूल ऐनको दफा ३८ को, -

(१) उपदफा (४) मा रहेका "पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (५) मा रहेका "पच्चीस हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पचास हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(३) उपदफा (७) मा रहेका "पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएकाछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल ऐनमा दफा ४१क. थप : मूल ऐनको दफा ४१ पछि देहायको दफा ४१क. थपिएकोछ :-

"४१क. पथप्रदर्शकको वर्गीकरण : पथप्रदर्शकको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।"

१२. मूल ऐनको दफा ४५ मा संशोधन : मूल ऐनको दफा ४५ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेका "दुई हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "चार हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (१) को खण्ड (ख) मा रहेका "एक हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दुई हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(३) उपदफा (२) मा रहेका "दुई सय रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(४) उपदफा (३) मा रहेका "श्री ५ को सरकार" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालत" भन्ने शब्दहरु राखिएकाछन् ।

१३. मूल ऐनको दफा ४५ग. मा संशोधन : मूल ऐनको दफा ४५ग. को,-

(१) उपदफा (१) मा रहेका "दश हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बीस हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (२) मा रहेका "पाँच हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दस हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. मूल ऐनमा दफा ४८क. थप : मूल ऐनको दफा ४८ पछि देहायको दफा ४८क. थपिएकोछ :-

"४८क. नेपाली पर्यटक सम्बन्धी विशेष व्यवस्था : (१) नेपाली पर्यटक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनमा उल्लिखित कुनै व्यवस्था नेपाली पर्यटकहरुको सम्बन्धमा लागू नहुने गरी तोकिदिन सक्नेछ ।"

१५. मूल ऐनको दफा ५२ मा संशोधन : मूल ऐनको दफा ५२ को,-

(१) उपदफा (१) मा रहेका "एक हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दुई हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (२) मा रहेका "श्री ५ को सरकार" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालत" भन्ने शब्दहरु राखिएकाछन् ।

१६. मूल ऐनको दफा ५३ मा संशोधन : मूल ऐनको दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएकोछ :-

"५३. अधिकार प्रत्यायोजन गर्न सक्ने : यो ऐन बमोजिम श्री ५ को सरकारलाई प्राप्त सबै वा कुनै अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै कार्यालय, निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. रुपान्तर : मूल ऐन र सो अन्तर्गत बनेका नियमावलीहरुमा प्रयोग भइरहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएकोछ :-

(क) " विभाग" भन्ने शब्दको सट्टा "श्री ५ को सरकार"

(ख) "रेष्टुरॉं" भन्ने शब्दको सट्टा "रेष्टुरॉं तथा रिजर्ट" ।

लालमोहर सदर मिति:- २०५३।१०।२३।४

आज्ञाले,
**सुरेशमान श्रेष्ठ**
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।